

# सामुदायिक सहायतामा जोडिनुहोस्

## स्थानीय बौद्धिक तथा विकासात्मक अशक्तता प्राधिकरण (Local Intellectual and Developmental Disability Authority, LIDDA) का बारेमा आमाबाबुहरूलाई जानकारी

यी स्रोतहरू अनलाइनमा हेर्नुहोस्

तपाईंको बच्चामा **बौद्धिक अशक्तता वा विकाससम्बन्धी ढिलाई** भएको पत्ता लागेको छ भने सबैभन्दा महत्त्वपूर्णमध्येको एउटा पहिलो कदम भनेको आफ्नो LIDDA सँग जोडिनु हो। तपाईंको काउन्टीमा भएको LIDDA खोज्न तथा त्यससँग जोडिन चाहिने जानकारी तलका पृष्ठहरूमा छन्।

### LIDDA भनेको के हो?

LIDDA हरू टेक्सासका सार्वजनिक रूपमा वित्तीय सहायता प्राप्त गर्ने केही बौद्धिक तथा विकासात्मक अशक्तता (Intellectual and Developmental Disability, IDD) सेवाहरू लिने प्रवेश बिन्दु हुन्। हरेक LIDDA ले कुनै निश्चित क्षेत्रमा सेवा प्रदान गर्छ र परिवारहरूलाई दीर्घकालीन सहयोग प्राप्त गर्न मद्दत गर्ने जिम्मेवारी लिन्छ जसले IDD भएका बालबालिका र वयस्कहरूलाई आफ्ना समुदायमा बाँच्न र प्रगतिशील जीवनयापन गर्न सक्षम बनाउँछ।

### विद्यालयमा सम्पर्क:

तपाईंसँग आफ्नो LIDDA पत्ता लगाउनेबारेमा प्रश्न छन् वा यस दस्तावेजमा दिइएका वेबसाइटहरूमा पहुँच गर्न सहयोग चाहिन्छ भने कृपया तपाईंको बच्चाको विद्यालयको सम्पर्क व्यक्तिसँग कुरा गर्नुहोस्।

**नाम:**

**रोल:**

**इमेल:**

**फोन:**

विशेष शिक्षासम्बन्धी योग्यताका लागि अशक्तता अवस्थाहरूको परिभाषा

### LIDDA हरूले निम्नलगायत धेरै प्रकारका सेवा तथा सहायताहरू प्रदान गर्दछ:

- **प्रवेश तथा दर्ता:** सेवा तथा सहायताबारे जानकारी प्रदान गर्ने, तपाईंको बच्चा IDD सेवाहरूका लागि योग्य छ वा छैन भन्ने जाँच गर्ने र परिवारहरूलाई अतिरिक्त सुरक्षा आय (SSI, Supplemental Security Income), सामाजिक सुरक्षा अशक्तता बीमा (Social Security Disability Insurance, SSDI) र Medicaid का लागि आवेदन दिन सहयोग गर्ने
- **सेवामा समन्वय:** परिवारहरूलाई चिकित्सा, शैक्षिक र सामाजिक सेवा तथा सहायताहरू सहयोग गर्ने
- **आरामदायी हेरचाह:** मुख्य हेरचाहकर्ता उपलब्ध नभएका बेला अल्पकालीन अवधिको राहत उपलब्ध गराउने
- **आवश्यकता तथा उपलब्धताको आधारमा वैयक्तिक सेवा:** रोजगारीसम्बन्धी सहयोग, नर्सिङ, उपचारहरू र विशिष्टीकृत सहयोगजस्ता सेवा उपलब्ध गराउने। कृपया यी सेवाहरू क्षेत्रअनुसार फरक पर्न सक्छन् भन्ने कुरामा ध्यान दिनुहोस्।
- **Medicaid कार्यक्रमहरू:** व्यक्तिहरूलाई Medicaid छुट कार्यक्रमहरूको चासो सूचीमा राख्ने र योग्य व्यक्तिलाई निश्चित Medicaid कार्यक्रममा दर्ता गर्न मद्दत गर्ने

SPEDTEX Special Education Information Center · TEA Texas Education Agency · Texas SPED Support



# सामुदायिक सहायतामा जोडिनुहोस्

स्थानीय बौद्धिक तथा विकासात्मक अशक्तता प्राधिकरण (Local Intellectual and Developmental Disability Authority, LIDDA) का बारेमा आमाबाबुहरूलाई जानकारी

## Medicaid छुट कार्यक्रमहरू

टेक्सासले समुदायमा रहेका अशक्तता भएका व्यक्तिहरूका लागि दीर्घकालीन सेवा तथा सहयोग उपलब्ध गराउने विभिन्न Medicaid छुट कार्यक्रमहरू प्रस्ताव गर्दछ। प्रत्येक कार्यक्रमले फरक-फरक सेवा उपलब्ध गराउँछ र तिनीहरूका आफ्नै **चासो सूची** हुन्छन्। तपाईंको स्थानीय LIDDA प्रतिनिधिले तपाईंको बच्चाको हालको र भविष्यको क्षमता तथा सहयोगसम्बन्धी आवश्यकताका आधारमा कुन विकल्प उपयुक्त हुन सक्छ भन्ने बुझ्न मद्दत गर्न सक्छन्।

- समुदायको जीवनयापनसम्बन्धी सहायता तथा समर्थन सेवाहरू (CLASS) — सबै उमेर
- अन्धो बहिरोसहित धेरै प्रकारका अशक्तता (DBMD) — सबै उमेर
- घर तथा समुदायमा आधारित सेवाहरू (HCS) — सबै उमेर
- चिकित्सामा निर्भर बालबालिकाको कार्यक्रम (MDCP) — 20 वर्ष वा सोभन्दा कम उमेर
- STAR+PLUS घर तथा समुदायमा आधारित सेवाहरू (HCBS) — 21 वर्ष वा सोभन्दा कम उमेर
- टेक्सास होम लिभिङ (TxHml) — सबै उमेर
- युवा सशक्तीकरण सेवाहरू (YES) — 3 देखि 18 वर्ष

## "चासो सूची" भनेको के हो?

चासो सूचीहरूलाई कहिलेकाहीँ "प्रतीक्षा सूची" पनि भनिन्छ। व्यक्तिहरूलाई यी सूचीहरूमा "पहिले आउनेलाई पहिलो प्राथमिकता" का आधारमा राखिन्छ। कुनै व्यक्तिको नाम सूचीको सिरानमा पुगेपछि उक्त व्यक्तिलाई स्वास्थ्य तथा मानव सेवा आयोग (Health and Human Servcies Commission, HHSC) वा LIDDA प्रतिनिधिले सम्पर्क गर्नेछन्। कार्यक्रमहरूको क्षमता उपलब्ध बजेटमा निर्भर हुन्छ र मानिसहरूलाई सम्पर्क गर्नुअघि वर्षौंसम्म चासो सूचीमा रहनु पर्ने पनि हुन सक्छ।

### महत्वपूर्ण सुझावहरू:

- **अशक्तताको पहिचान हुने बितिक्कै आफ्नो बच्चाको नाम सकेसम्म चाँडै Medicaid छुट कार्यक्रमहरूको चासो सूचीमा राख्नुहोस्** (पृष्ठ 3 हेर्नुहोस्)। भविष्यमा आवश्यक नपरेका खण्डमा तपाईं जहिले पनि सेवाहरू अस्वीकार गर्न सक्नुहुन्छ।
- चासो सूचीमा थपिन योग्यता प्रमाणित गरिरहनु पर्दैन।
- सम्पर्क विवरणहरू अद्यावधिक राख्नुहोस् ताकि तपाईंलाई सजिलै सम्पर्क गर्न सकियोस्।
- हरेक वर्ष सूचीमा आफ्नो बच्चाको स्थिति जाँच गर्नुहोस्। बच्चाको जन्मदिनको नजिक जाँच गर्नु यसलाई सम्झने एउटा उत्कृष्ट तरिका हो।



# सामुदायिक सहायतामा जोडिनुहोस्

स्थानीय बौद्धिक तथा विकासात्मक अशक्तता प्राधिकरण (Local Intellectual and Developmental Disability Authority, LIDDA) का बारेमा आमाबाबुहरूलाई जानकारी

## आफ्नो LIDDA सँग जोडिनुहोस्:

- **तपाईंको बच्चाको भर्ना, समीक्षा र खारेजी** (Admission, Review, and Dismissal, ARD) **समिति**सँग तपाईंको काउन्टीलाई सेवा दिने LIDDA सम्बन्धी जानकारी कहाँ पाउन सकिन्छ भनेर सोध्नुहोस्।
- **प्रारम्भिक भेटघाटको समय मिलाउन** आफ्नो LIDDA लाई सम्पर्क गर्नुहोस्।
- प्रारम्भिक भेटघाटको क्रममा LIDDA का कर्मचारीहरूले तपाईंको बच्चाको आवश्यकतासँग मेल खाने **सेवाका विकल्पहरू र चासो सूचिहरू**बारे छलफल गर्नेछन्।

## तपाईंको LIDDA सम्पर्क व्यक्तिलाई सोध्नुपर्ने प्रश्नहरू:

- यो LIDDA मा के-कस्ता सेवा पाइन्छन्?
- मेरो बच्चाको नाम Medicaid छुट कार्यक्रमहरूको चासो सूचीमा कसरी राख्न सकिन्छ होला?
- मैले कुन-कुन कागजात पेस गर्नुपर्छ?
- मेरो बच्चाका सम्बन्धमा सेवा र सहयोगबारे थप प्रश्न भएमा कोसँग गर्ने?
- मेरो बच्चाका लागि अन्य निकाय वा कार्यक्रमहरू पनि उपलब्ध छन्?

## मेरो काउन्टीको LIDDA:

**मेरो** LIDDA:

**इमेल:**

**फोन:**

**वेबसाइट:**

काउन्टीको कोड वा जिप कोडका आधारमा LIDDA हरू खोज्न HHSC वेबसाइटमा जानुहोस्।

## अतिरिक्त स्रोतहरू:

- टेक्सास HHSC:
  - LIDDA स्रोतहरू
  - चासो सूची घटाउने
- YourTexasBenefits.com
- द आर्क अफ टेक्सास
- लाइफ टेक्सास नेभिगेट गर्नुहोस्: छुट तथा छुट सूची
- टेक्सास शैक्षिक निकाय (TEA)
  - SPEDTex
  - टेक्सास परिवर्तनसम्बन्धी स्रोतहरूको मार्गचित्र
  - स्रोत तथा सहयोग उपलब्ध छन्: अहिले नै प्रतीक्षा सूचीमा सामेल हुनुहोस् (सीधा कुराकानीको भिडियो श्रृङ्खला): अङ्ग्रेजी | स्पेनिश | भियतनामी

SPEDTEX Special Education Information Center | TEA Texas Education Agency | Texas SPED Support